# मूल्यवृद्धि देखाउँदै आयोजनामा ढिलासुस्ती

**बनेपा समाचारदाता**
*बनेपा, वैशाख २८ गते*

अरनिको राजमार्ग अन्तर्गत विस्तार भइरहेको सूर्यविनायक–धुलिखेल सडक आयोजनाको काममा सुस्तता आएको छ । छ लेनमा विस्तार भइरहेको सो सडकखण्ड मूल्यवृद्धिको कारण देखाउँदै निर्माण व्यवसायीले ढिलाइ गरेका हुन्। निर्माण व्यवसायीले मध्यपूर्वको द्वन्द्वका कारण बिटुमिन (अलकत्रा) तथा निर्माण सामग्री, पेट्रोलियम पदार्थको मूल्यमा भारी वृद्धि भएको देखाउँदै सडकका काममा ढिलासुस्ती गरेको सूर्यविनायक–धुलिखेल सडक आयोजनाले जनाएको छ।

निर्माण व्यवसायीले विभिन्न बहानामा काममा गति नदिँदा सडक विस्तार भइरहेको क्षेत्रमा वर्षाको समयमा हिलो र घाम लागेको समयमा धुलोको समस्या देखिएको छ। सूर्यविनायक–धुलिखेल सडक आयोजनाका इन्जिनियर विष्णुप्रसाद खनालले सडक विस्तारको जिम्मा पाएका निर्माण व्यवसायीले मध्यपूर्वको द्वन्द्व र मूल्यवृद्धिको कारण देखाउँदै सडक विस्तारको काममा ढिलाइ गरेको बताउनुभयो। "ढिलासुस्तीका कारण साँगादेखि धुलिखेल सडकखण्ड र सूर्यविनायकदेखि साँगासम्मको खण्डमा कालोपत्रेको काम ठप्प छ," खनालले भन्नुभयो।

उहाँले बनेपाको तीनदोबाटोनजिकै अन्डरपास, मेसिनरी पर्खाल लगाउनेबाहेकको काम हुन नसकेको बताउनुभयो। साथै साँगामा निर्माणाधीन अन्डरपास तथा अन्डरपासदेखि भक्तपुरतर्फको एक किलोमिटर सडकमा वर्षाको समयमा अन्डरपासबाट यातायात सञ्चालन गराउने काम भइरहेको बताउनुभयो।

इन्जिनियर खनालले सडक विस्तार अन्तर्गत हालसम्म काभ्रेपलाञ्चोकतर्फ ७० प्रतिशत र भक्तपुर खण्डमा ५० प्रतिशत भौतिक प्रगति भएको बताउनुभयो। उहाँले काभ्रेपलाञ्चोकतर्फ बनेपा बुडोल र २८ किलो क्षेत्रमा करिब साढे दुई किलोमिटर सडकमा प्राइम गरे तापनि अलकत्रामा भएको मूल्यवृद्धिका कारण काम हुन नसकेको बताउनुभयो। यस्तै भक्तपुरतर्फको खण्डमा सूर्यविनायकदेखि जगातीसम्मको डेढ किलोमिटर सडक 'डिबिएम' गरिएको बताउनुभयो।

मूल्यवृद्धिको कारण देखाउँदै भएको ढिलाइका कारण आयोजनाको काम निर्धारित समयमा हुन नसक्ने अवस्था आउने उहाँले बताउनुभयो। सडक विस्तारको काममा ढिलाइ भएको भन्दै बागमती प्रदेशका सामाजिक विकासमन्त्री कञ्चनचन्द्र बादेले असन्तुष्टि जनाउनुभएको छ। आइतबार मन्त्री बादेले आयोजनाका प्रमुख, निर्माण व्यवसायी र बनेपाका जनप्रतिनिधि र प्रमुख जिल्ला अधिकारीसँगको छलफलमा आयोजनाको काममा ढिलाइ हुँदा बनेपामा दुई जनाले ज्यान गुमाउनु परेको भन्दै असन्तुष्टि जनाउनुभएको हो।

उहाँले आयोजनाको काममा ढिलाइ हुँदा बनेपावासी हिलो र धुलोको सामना गर्न बाध्य भएको बताउनुभएको थियो। मन्त्री बादेले आयोजना अन्तर्गत भक्तपुरतर्फ एउटा र काभ्रेपलाञ्चोकमा पर्ने दुई वटा पुल निर्माणमा भएको ढिलाइ भएको भन्दै पुलको काम समयमा नै नहुँदा स्कुले बालबालिका र अन्य नागरिकले समस्या भोग्नु परेको बताउनुभयो।

छलफलमा बनेपा नगरक्षेत्रभित्रका सर्भिस लेन तथा सहायक सडक बिनाअवरोध निर्बाध रूपमा सञ्चालन तथा निर्माण हुने व्यवस्था मिलाउने सम्बन्धमा सडक आयोजना र निर्माण व्यवसायीले प्रतिबद्धता जनाएका छन्। त्यसै गरी बनेपास्थित पुण्यमाताखोला पुल तथा पैँसीपाटीखोला पुल निर्माणका क्रममा अवरुद्ध सर्भिस लेन र सहायक मार्ग पुन: सञ्चालन हुने गरी आवश्यक निर्माण तत्काल गर्ने निर्णय गरिएको छ।

अरनिको राजमार्गको सूर्यविनायकदेखि धुलिखेलसम्मको १५.८ किलोमिटर सडकलाई दुई खण्डमा विभाजन गरी साढे तीन वर्षदेखि सडक विस्तार हुँदै आएको छ। सूर्यविनायकदेखि साँगासम्मको ७.३ किलोमिटर सडक निर्माणका लागि आशिष कुमार श्रेष्ठ/बन्धन/भगवती जेभीसँग तीन अर्ब ८८ करोड ९३ लाख रुपियाँको लागतमा २०७९ पुसदेखि काम हुँदै आएको छ।

यस्तै काभ्रेपलाञ्चोकतर्फ साँगादेखि धुलिखेलसम्मको ८.५ किलोमिटर सडक निर्माणका लागि लामा कन्स्ट्रक्सनसँग चार अर्ब पाँच करोड ६४ लाख रुपियाँमा ठेक्का सम्झौता गरी २०७९ मङ्सिरदेखि सडक विस्तारको काम हुँदै आएको छ।

साँगादेखि धुलिखेलसम्मको जिम्मा पाएको लामा कन्स्ट्रक्सनको सम्झौता २०८२ मङ्सिरमा सकिएर आगामी मङ्सिरसम्मका लागि र सूर्यविनायकदेखि साँगासम्मको सडकको जिम्मा पाएको आशिष कुमार श्रेष्ठ/बन्धन/भगवती जेभीको सम्झौता २०८२ पुसमा सकिएर आगामी पुससम्म म्याद थप गरिएको छ।

# डेढ महिनामा झन्डै सतासी हजार कारबाहीमा

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, वैशाख २८ गते*

काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयले डेढ महिनामा ८६ हजार ७०२ सवारीचालकलाई कारबाही गरेको छ। १६ पटकसम्म ट्राफिक नियम उल्लङ्घन गरेका चालकको सवारीचालक अनुमतिपत्र (लाइसेन्स) छ महिना निलम्बन गर्न यातायात कार्यालयमा पठाएको छ। लापर्बाहीपूर्ण सवारी चलाउनेमध्ये ३१ जनाको लाइसेन्स निलम्बनका लागि पठाइएको कार्यालयले जनाएको छ।

कार्यालयद्वारा आयोजित पत्रकार सम्मेलनमा काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख एवं वरिष्ठ प्रहरी उपरिक्षक नवराज अधिकारीले भन्नुभयो, "यही महिना मात्र लापर्बाही गरेर सवारी चलाउनेका ३१ वटा लाइसेन्स निलम्बनका लागि पठाएका छौँ। लापसे/मापसे गरेर १५/२० पटकसम्म दोहोरिएपछि निलम्बन गर्न पठाइएको हो।"

ट्राफिक प्रहरी कार्यालयका अनुसार झन्डै डेढ महिनामा ८६ हजार ७०२ चालकलाई कारबाही भएको छ। मादक पदार्थ सेवन गर्ने चार हजार ४५२ र लेन अनुशासन उल्लङ्घन गर्ने सात हजार ७५८ चालकलाई कारबाही भएको छ। तीव्र गतिमा चलाएका दुई हजार ७२७ चालक कारबाहीमा परेका छन्।

त्यस्तै रातो बत्तीमा सवारी चलाएका सात हजार ७२४, स्वरूप परिवर्तन गरेका ११२, बढी भाडा असुल्ने र लापसे गर्ने ५२ चालक कारबाहीमा परेका छन्। यान्त्रिक ठिक नभएका ७६६, प्रदूषणमा २४६, राइड सेयरका पाँच हजार ८४८, अनावश्यक हर्न बजाउने दुई हजार ४६५, लाइसेन्सबिना सवारी चलाएका दुई हजार ५५८ चालकलाई कारबाही भएको छ।

ट्राफिक प्रहरीको कारबाहीबाट यस अवधिमा छ करोड ३९ लाख २८ हजार ५८५ रुपियाँ राजस्व सङ्कलन भएको छ। भिआइपीदेखि नेपाल पुलिसका सवारीसम्म कारबाहीमा परेको प्रमुख अधिकारीले बताउनुभयो।

५० लाखभन्दा बढी जनसङ्ख्या रहेको काठमाडौँ उपत्यकामा दैनिक १८ लाखभन्दा बढी सवारी सञ्चालन हुने ट्राफिक प्रहरी कार्यालयले जनाएको छ। ट्राफिक प्रहरीले चोरी भएर भेटिएका ६५ वटा दुईपाङ्ग्रे सवारी पनि आइतबार सम्बन्धित धनीलाई फिर्ता गरेको छ।

काठमाडौँको बबरमहलबाट हराएको ३५ लाख मूल्य बराबरको मोटरसाइकल दुई हप्तापछि कालोपुलमा भेटिएको उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रहरी उपरीक्षक नरेशराज सुवेदीले बताउनुभयो।

# सभामुखको निर्वाचन शीघ्र गर्न माग



**बागमती प्रदेश सभाको शिक्षा, स्वास्थ्य तथा कृषि समितिको बैठक।**

**मकवानपुरगढी समाचारदाता**
*मकवानपुरगढी, वैशाख २८ गते*

बागमती प्रदेश सभाको शिक्षा, स्वास्थ्य तथा कृषि समितिले कृषि क्षेत्रमा देखिएको मल तथा बिउबिजन अभावप्रति चासो व्यक्त गर्दै प्रदेश सरकारलाई तत्काल प्रभावकारी कदम चाल्न निर्देशन दिएको छ। समितिको वैशाख २५ गते बसेको बैठकले किसानले भोगिरहेको समस्या समाधानमा सरकारको सक्रियता अपरिहार्य रहेको निष्कर्ष निकालेको हो। समितिका निर्णय सार्वजनिक गर्दै प्रदेश सभा सचिवालयका प्रवक्ता तथा उपसचिव प्रकाश चापागाईंले सरकार र राजनीतिक दल दुवैले संवेदनशील विषयमा शीघ्र जिम्मेवार भूमिका निर्वाह गर्नुपर्ने बताउनुभएको छ।


समितिले गुणस्तरीय बिउबिजन तथा रासायनिक मलको अभाव, वितरणमा अव्यवस्था, कृत्रिम अभाव सिर्जना, कालोबजारी, ढिलासुस्ती तथा बिचौलियाको प्रभावका कारण कृषक प्रत्यक्ष मारमा परेको उल्लेख गरेको छ। विशेष गरी रोपाइँ तथा बाली लगाउने संवेदनशील समयमा मल र बिउको सहज आपूर्ति हुन नसक्दा उत्पादनमै नकारात्मक असर पर्ने अवस्थाप्रति समितिले चिन्ता व्यक्त गरेको छ।

समितिले कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई दुर्गम तथा कृषिमा निर्भर क्षेत्रलाई उच्च प्राथमिकतामा राखेर पारदर्शी, किसानमैत्री र प्रभावकारी वितरण प्रणाली सुनिश्चित गर्न अपनाइएका प्रयासबारे समितिलाई जानकारी गराउन निर्देशन दिएको छ। कृषि क्षेत्रलाई राष्ट्रिय अर्थतन्त्रको आधारस्तम्भका रूपमा व्याख्या गर्दै समितिले किसानको सहज पहुँच सुनिश्चित गर्न सरकार थप जिम्मेवार बन्नुपर्ने सन्देश दिएको छ।

यस्तै समितिले बागमती प्रदेश सभामा लामो समयदेखि सभामुख पद रिक्त रहेको विषयलाई पनि गम्भीर राजनीतिक र संस्थागत प्रश्नका रूपमा उठाएको छ। बैठकले २०८२ असोज १ देखि सभामुख पद रिक्त रहनु केवल प्रक्रियागत विषय नभई संसदीय गरिमा, लोकतान्त्रिक मूल्यमान्यता र संस्थागत प्रतिष्ठासँग जोडिएको संवेदनशील विषय भएको ठहर गरेको छ। समितिले संसद् जनताको सार्वभौम अभिव्यक्तिको केन्द्र भएकाले नेतृत्व रिक्त हुँदा शासनप्रणालीमाथि नै अनावश्यक अन्योल र सन्देह उत्पन्न हुने अवस्था बनेको उल्लेख गरेको छ। यसप्रति ध्यानाकर्षण गराउँदै समितिले राजनीतिक दलबिच संवाद, सहमति र जिम्मेवार पहलमार्फत यथाशीघ्र सभामुख निर्वाचन सम्पन्न गर्न आग्रह गरेको छ।

समितिले प्रदेशका मुख्यमन्त्री, उपसभामुख तथा प्रदेश सभामा प्रतिनिधित्व गर्ने सबै संसदीय दलका नेतालाई प्रदेश सभाको संस्थागत मर्यादा र जनविश्वास सुदृढ बनाउन गम्भीर पहल लिन आग्रह गरेको छ। संविधानको धारा १८२ को व्यवस्था अनुसार सभामुख वा उपसभामुख रिक्त रहेको अवस्थामा प्रदेश सभाको पहिलो बैठक बसेको १५ दिनभित्र नियुक्ति प्रक्रिया अघि बढाउनुपर्ने प्रावधान छ। उक्त समयसीमा अनुसार सभामुख चयनका लागि बागमती प्रदेश सभाले प्रक्रिया अघि बढाउन सकेको छैन। गत चैत २४ गते बसेको प्रदेश सभा बैठकमा तत्कालीन सभामुख भुवनकुमार पाठकको राजीनामाबारे जानकारी गराइएको थियो। सोही अनुसार वैशाख ८ भित्र सभामुख चयन प्रक्रिया थाल्नुपर्ने थियो तर दलहरूबिच सहमति हुन नसक्दा सभामुख चयनका लागि प्रदेश सभा बैठक आह्वान हुन सकेन।

# शीतभण्डार सञ्चालनमा नआउँदा किसान निराश




*तस्बिर : बाबुराम देवकोटा*
**कमलामाई नगरपालिका-४, दोभानटारमा निर्माण भएको जुनार शीतभण्डारको भवन।**

**सिन्धुली समाचारदाता**
*सिन्धुलीमाढी, वैशाख २८ गते*

सिन्धुलीका विभिन्न स्थानमा निर्माण गरिएका शीतभण्डार प्रयोगमा नआई बेवारिसे बन्न पुगेका छन्। बागमती प्रदेश सरकार तथा अन्य दातृ निकायबाट सहयोगमा निर्माण गरिएका शीतभण्डार उपकरण, प्राविधिक ज्ञान, व्यवस्थापनको अभाव र ठेकेदारले हस्तान्तरण नगर्दा प्रयोगमा नआई बेवारिसे बन्न पुगेको स्थानीय बताउँछन्। फिक्कल गाउँपालिका-१, दमार; सुनकोशी गाउँपालिका-१, रामटार; कमलामाई नगरपालिका-४, दोभानटार र गोलन्जोर गाउँपालिका-६, नाकाफोलीमा निर्माण गरिएका शीतभण्डार बर्सौंदेखि प्रयोगमा आउन सकेका छैनन्।

मौसमी तरकारी तथा फलफूल भण्डारण गरी बेमौसममा उपभोक्तामाझ पुऱ्याउने उद्देश्यले शीतभण्डार निर्माण गरिएको हो। फिक्कल गाउँपालिका-१ का वडाध्यक्ष होमबहादुर सुनुवार वडाको दमारमा बागमती प्रदेश सरकार र गाउँपालिकाको सात करोड रुपियाँभन्दा बढी लागतमा निर्माण गरिएको १७८ मेट्रिक टन क्षमताको शीतभण्डार एक वर्षदेखि प्रयोगमा नआएको बताउनुहुन्छ। भण्डारण गर्ने सामग्रीको अभावमा शीतभण्डार प्रयोगमा नआएको उहाँले बताउनुभयो। वडाध्यक्ष सुनुवारले भन्नुभयो, "आलु र किवी खेतीलाई लक्षित गरी चार वर्ष लगाएर शीतभण्डार निर्माण भयो। अहिले प्रयोगमा आउन सकेको छैन।"

गाउँपालिकाले दमारलाई आलु र किवी खेतीको पकेट क्षेत्र घोषणा गरेको छ। शीतभण्डार प्रयोगमा नआए पनि विद्युत् महसुल एक लाख रुपियाँभन्दा बढी तिरेको गाउँपालिकाले जनाएको छ। सुनकोशी गाउँपालिका-५, रामटारमा शीतभण्डार निर्माण सम्पन्न भएर पनि सञ्चालनमा आउन सकेको छैन। बागमती प्रदेश सरकार र पालिकाको पाँच करोड रुपियाँभन्दा बढी लगानीमा निर्माण गरिएको पाँच सय मेट्रिक टन क्षमताको शीतभण्डार ठेकेदारले हस्तान्तरण नगर्दा सञ्चालनमा आउन नसकेको गाउँपालिकाले जनाएको छ।

गाउँपालिकाका उपाध्यक्ष कपिलकुमार कोइराला शीतभण्डार निर्माण पूरा गरेको तीन वर्षभन्दा बढी हुन लाग्दा पनि ठेकेदारले नबुझाएको बताउनुहुन्छ। पालिकाले एक जना कृषि प्राविधिकलाई तालिम दिएर शीतभण्डार सञ्चालन गर्ने तयारी गरे पनि ठेकेदारले नबुझाएकै कारण सञ्चालनमा ल्याउन नसकेको उहाँको गुनासो छ।

कमलामाई नगरपालिका-४, दोभानटारमा निर्माण गरिएको शीतभण्डारको व्यथा पनि उस्तै छ। एक करोड रुपियाँभन्दा बढी लागतमा निर्माण गरिएको ३६० मेट्रिक टन क्षमताको शीतभण्डार सञ्चालनमा नआउँदा किसान र उपभोक्ता दुवै निराश छन्। १० वर्षअघि निर्माण भएको भवनमा दुई सिजन जुनार तथा आलु भण्डारण गरिएको थियो। त्यसपछि खर्च धान्न नसकेर प्रयोगमा आउन नसकेको सञ्चालकको भनाइ छ।

जुनारको पकेट क्षेत्र नाकाफोलीमा निर्माण गरिएको शून्यशक्ति शीतभण्डार (सेलार स्टोर) प्रयोगमा ल्याउन प्राविधिक समस्या रहेको सञ्चालक तथा स्थानीय जुनार किसान शेरबहादुर मगरले जानकारी दिनुभयो। उहाँका अनुसार सिजनमै जुनार बगैँचाबाट राम्रो मूल्यमा बिक्री हुन थालेको थियो। २०६८ सालतिर उच्चस्तरीय प्रविधिको २४ मेट्रिक टन क्षमताको उक्त शीतभण्डार निर्माण भएको हो। त्यस क्षेत्रमा उत्पादित जुनारलाई भण्डारण तथा व्यवस्थापनका लागि सार्क डेभलपमेन्ट फन्ड र नेप्लिज फार्मिङ इन्स्टिच्युटको आर्थिक तथा प्राविधिक सहयोगमा सेलार स्टोर निर्माण भएको थियो। "निर्माण पूरा भएपछि २०७० सालतिर एक साल जुनार भण्डारण गऱ्यौँ," मगरले भन्नुभयो, "भण्डारण गरेको जुनारमध्ये प्राविधिक ज्ञानको कमीले १० प्रतिशत जति कुहियो। त्यसपछि जुनारले सिजनमा नै राम्रो मूल्य पाउन थालेपछि भण्डारण गर्न किसानले नै चासो दिन छाडे।"

# एआईमा आधारित कल सेन्टर

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, वैशाख २८ गते*

०१५९७१९८९ मा फोन डायल गरेपछि महिलाको स्वर सुनिन्छ। भनाइ हुन्छ, "काठमाडौँ वडा नं. १७ को एआई सेवामा स्वागत छ। म तपाईंलाई आज कसरी सहयोग गर्न सक्छु ?" यति आवाज आएपछि बोल्ने पालो तपाईंको। तपाई वडाबाट कस्तो सूचना लिन चाहनुहुन्छ ? त्यो बोलेपछि एआईले त्यसको जवाफ फर्काउँछ।

तपाईंले प्रश्न सोधेपछि उसले भन्ने छ, "एकछिन पर्खनोस्, म हजुरको प्रश्न बुझिरहेकी छु।" एआईसँग जवाफ रहेछ भने सोधेको प्रश्नको तत्काल उत्तर दिने छ। जवाफ रहेनछ भने भन्ने छ, "माफ गर्नुहोस्। म यो प्रश्नको जवाफ दिन असमर्थ छु। म तपाईंलाई हाम्रो एजेन्टसँग जोड्दै छु।" यति भनेपछि कल वडाका कर्मचारीलाई पठाउँछ।

यो काठमाडौँ महानगरपालिका-१७ ले सञ्चालनमा ल्याएको एआईमा आधारित कल सेन्टरको कुराकानी हो। वडाले वडावासी र सेवाग्राहीलाई सेवा तथा सूचनासँग जोड्न एआई प्रविधिमा आधारित कल सेन्टर सञ्चालनमा ल्याएपछि वडासँग सम्बन्धित प्रश्नको जवाफ फोनबाटै प्राप्त गर्न सकिने भएको हो।

प्रणाली सञ्चालनका विषयमा कुरा गर्दै महानगरपालिकाका प्रवक्ता एवं वडा नं. १७ का अध्यक्ष नवीन मानन्धर भन्नुहुन्छ, "स्मार्ट वडा बनाउने क्रममा छौँ। सेवासम्बन्धी सूचना दिनु आधारभूत कुरा हो। प्रक्रिया पनि अनलाइन प्रणालीमा आधारित बनाएर सर्भिस डेलिभरी टु होम कन्सेप्टमा अगाडि बढेका छौँ। एआईको सहयोगमा नागरिकलाई वडासँग जोड्ने यो सेवा नेपालकै पहिलो हो।"

उहाँ भन्नुहुन्छ, "नागरिकता सिफारिसका लागि चाहिने कागजात र प्रमाणका विषयमा सेवाग्राहीलाई एआईमार्फत जानकारी भयो भने सबै लिएर आउनुहुन्छ। कागजात बुझ्न थप वडामा आइरहनु पर्दैन।"

नागरिक बडापत्रमा भएका सबै विषयको एआईले जवाफ दिन सक्छ। एक पटकमा १५ जनाले सम्पर्क गर्न सक्ने व्यवस्था मिलाइएको छ। ज्येष्ठ नागरिक भत्ता वितरण तथा वडाले प्रदान गर्ने अन्य सेवासम्बन्धी सूचना अडियो र अक्षरमा एकै पटक सेवाग्राहीलाई प्रदान गर्न सकिन्छ। यसरी पठाएको सूचनाको सम्पूर्ण विवरण हेर्न सकिन्छ। यस्तै कुन क्षेत्रमा कस्ता गुनासा आए भन्ने तथ्याङ्क पनि विश्लेषण गर्न सकिन्छ। यसरी सञ्चालनमा ल्याइएको कल सेन्टरले तत्काल गुनासो सुन्ने मात्र होइन। भविष्यमा तर्जुमा गर्नुपर्ने नीति, योजना तथा कार्यक्रमका लागि पृष्ठपोषण पनि प्राप्त गर्न सकिने उहाँले बताउनुभयो।

**Government of Madhesh Province**
**Ministry of Physical Infrastructure Development**
**Infrastructure Development Directorate**
**Infrastructure Development Office**
Siraha, Nepal

**Letter of Intention to Award the Contract**

Date of publication: 12th May-2026

This is to notify that; it is our intention to award the contract for the Construction of Roads and building Published at Nepal Samachar Patra National Daily Newspaper on dated 30th March 2026 for execution of works. Details given in the table below: as corrected and modified in accordance with the Instructions to Bidders are hereby selected as substantially responsive lowest evaluated bid.

| S.N. | Name of Project | Contract ID | Bid Price (Including VAT And PS) | Substantially responsive lowest evaluated Bidder |
|---|---|---|---|---|
| 1 | गणेश चौलागाईको घरदेखि हरिको खेलसम्म पक्की नाला निर्माण कार्य करजन्हा न.पा.१, सिरहा | IDOSIR-W-NCB-Road-80-082-083 | 2,915,337.26 | Dipesh Nirman Sewa and Suppliers, Karjanha Na.Pa-1, Siraha |
| 2 | सिरहा करजन्हा ६ बेतहाको सडक नाला तथा स्कुलको अधुरो कार्य सम्पन्न गर्ने | IDOSIR-W-NCB-Road-81-082-083 | 2,831,522.00 | Roshan Construction, Siraha Municipality-1, Siraha |
| 3 | सिरहा गोलबजार नपा १, ठकुरी टोलदेखि सर्रे खोलासम्मको सडक (बाटो निर्माण) | IDOSIR-W-NCB-Road-82-082-083 | 4,040,914.97 | Surya Construction, Dhangadhimai Na.Pa.-12, Siraha |
| 4 | सिरहा भगवानपुर नपा ५, परौल ढोकाई पोखरीदेखि पूर्व लहान ठाडीसम्मको सडक स्तरोन्नति | IDOSIR-W-NCB-Road-83-082-083 | 1,994,542.75 | Golu Construction Pvt. Ltd., Bhagwanpur-5 |
| 5 | सिरहा भगवानपुर १, सिनुरिया अनरुध साहको घरदेखि दक्षिण मूल सडकमा आरसिसि ढलान | IDOSIR-W-NCB-Road-84-082-083 | 1,985,794.48 | Dip Jyoti Nirman Sewa, Bariyarpatti Ga.Pa-1, Siraha |
| 6 | सिरहा भगवानपुर २, गमहरियाको राम अवतार मण्डल घर नजिकको पुरानो ढलानदेखि मनिलाल भगतको घरसम्म आरसिसि ढलान | IDOSIR-W-NCB-Road-85-082-083 | 1,893,789.24 | Dip Jyoti Nirman Sewa, Bariyarpatti Ga.Pa-1, Siraha |
| 7 | सिरहा भगवानपुर २, गमहरीयाको हुलाकी सडकदेखि उत्तर शम्भु साहको घरसम्म आरसिसि ढलान | IDOSIR-W-NCB-Road-86-082-083 | 1,966,168.00 | Dip Jyoti Nirman Sewa, Bariyarpatti Ga.Pa-1, Siraha |
| 8 | सिरहा, धनगढीमाई न.पा. १२, सिमलटोकी दुर्गा मन्दिर सामुदायिक मन्दिर निर्माण | IDOSIR-W-NCB-BUI-87-082-083 | 2,997,519.41 | Radha Krishna Construction, Dhangadimai-10, Siraha |
| 9 | सिरहा, धनगढीमाई न.पा. १२, चेथरु पोखरी नजिक सामुदायिक भवन निर्माण | IDOSIR-W-NCB-BUI-88-082-083 | 3,070,151.40 | SGS Construction, Dhangadhi-6 |
| 10 | सिरहा गोलबजार न.पा. ७, सामुदायिक भवन निर्माण | IDOSIR-W-NCB-BUI-89-082-083 | 3,923,417.79 | Asmit Construction and Supplier, Mirchaiya Na.Pa-6 |
| 11 | सिरहा भगवानपुर न.पा. ३, आ.वि. गैरसाहाको अधुरो भवन निर्माण कार्य | IDOSIR-W-NCB-BUI-90-082-083 | 2,001,717.43 | Aaditi builders, Lahan Na.Pa-22, Siraha |
| 12 | सिरहा नरहा गा.पा. १, देवीपुरदेखि गोलबजार न.पा. ११ बलकवासम्म सडक स्तोरोउन्नति | IDOSIR-W-NCB-Road-91-082-083 | 2,598,647.09 | Saanvi Construction and Consultancy, Karjanha Na.Pa-2 |
| 13 | जि. सिरहा भगवानपुर वडा नं. १, सिनुरियामा पुस्पेनद्र घरदेखि दक्षिण पोखरीसम्म अधुरो सडक निर्माण | IDOSIR-W-NCB-Road-93-082-083 | 2,106,747.40 | Suraj Nirman Sewa, Lahan Siraha |
| 14 | सिरहाको गा.पा. भगवानपुरको परौलमा सबुरी मण्डलको घरदेखि विष्णुदेव मण्डलको घर हुँदै ढोकाई पोखरीसम्म नाला निर्माण कार्य | IDOSIR-W-NCB-Road-95-082-083 | 1,905,931.36 | Dip Jyoti Nirman Sewa, Bariyarpatti Ga.Pa-1, Siraha |
| 15 | धर्मदेव घरदेखि खिलहासम्मको सडकमा स्तरोन्नति कार्य भगवानपुर गा.पा. वडा नं ५, लालपुर सिरहा | IDOSIR-W-NCB-Road-96-082-083 | 1,791,559.27 | Golu Construction Pvt.Ltd., Bhagwanpur-5 |
| 16 | सिरहा धनगढीमाई नपा विभिन्न सडकको स्तरोन्नति | IDOSIR-W-NCB-Road-97-082-083 | 2,438,136.10 | Balaji Construction Nepal, Dhangadhimai Municipality-10 |
| 17 | चुरिया बचत तथा ऋण सहकारी संस्थाको पश्चिमपट्टीको ऐलानी जग्गामा सामुदायिक भवन निर्माण कार्य धनगढीमाई नगरपालिका वडा नं. १२, सिमलटोकी, सिराहा | IDOSIR-W-NCB-BUI-98-082-083 | 2,889,058.96 | SGS Construction, Dhangadhi-6 |
| 18 | सिरहा, धनगढीमाई न. पा. ७, पासवान टोलमा सामुदायिक भवन निर्माण | IDOSIR-W-NCB-BUI-99-082-083 | 3,318,771.51 | SGS Construction, Dhangadhi-6 |

**Senior Divisional Engineer**
**IDO, Siraha**

**नेपाल सरकार**
**शहरी विकास मन्त्रालय**
**धोबीखोला कोरिडोर तथा कपन–बुढानिलकण्ठ डुबान नियन्त्रण आयोजना**
**अनामनगर, काठमाडौँ**

**बोलपत्र छनोट गर्ने आशयको सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८३।०१।२९**

यस आयोजनाबाट मिति २०८२/१२/२४ को गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम म्याद भित्र रीतपूर्वक **e-GP** मार्फत दर्ता हुन आएका बोलपत्रहरूको मूल्याङ्कन हुँदा न्यूनतम मूल्याङ्कन र सारभूत रूपमा प्रभावग्राही देखिन आएको निम्न विवरण अनुसारको बोलपत्र छनोट गर्ने आशयले सार्वजनिक खरिद ऐन २०६३, दफा २७ र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | ठेक्का नं. | कामको विवरण र स्थान | निर्माण व्यवसायीको नाम | कबोल अंक (भ्याट र PS समेत) |
|---|---|---|---|---|
| १ | DCIP/082-83/P-02 | Construction of protection works and parks, protection of trees planted along the riverbanks, construction of saplings and structures, and carrying out works related to greenery development and beautification works | Tin Bhai Construction And Suppliers Pvt. Ltd. Baneshwor, Kathmandu | रु. २०,८३,७१७.०० |

**आयोजना प्रमुख**